**नेपालगञ्ज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**५ नं. प्रदेश, नेपाल**

**साना परियोजना सहयोग कोष अन्तर्गत परियोजना प्रस्ताव आवाह्न सम्वन्धि सूचना ।**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/५/३० गते**

यस नेपालगञ्ज उप-महानगरपालिकाले जी.आई.जेड.को स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजना संग स्थानीय आर्थिक विकासका लागि सहकार्य गर्दै आईरहेको छ । यसै सन्दर्भमा नियमानुसार दर्ता भई नगर क्षेत्रमा सञ्चालनमा रहेका सहकारी तथा अन्य उद्यमहरुलाई प्रतिस्पर्धात्मक विधिबाट परियोजना प्रस्तावनाहरूको छनौट गरी सहयोग प्रदान गर्ने "साना परियोजना सहयोग कोष" कार्यक्रम संचालन गर्न गइरहेका छौं । यस अन्तर्गत् स्थानीय आर्थिक विकासका लागी छनौट गरिएका मूल्य श्रृंखलाहरुः कृषि क्षेत्र, व्यापार, खाद्य प्रशोधन र पर्यटन क्षेत्रको प्रवर्द्धन तथा कोभिड १९ र त्यसबाट स्थानीय आर्थिक विकासमा पर्न गएको असरलाई सम्बोधन गर्दै नयाँ उत्पादन वा सेवा सहितका नवीन व्यावसायिक अवधारणाहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्देश्य रहेको छ ।

यस "साना परियोजना सहयोग कोष" कार्यक्रम मार्फत सहकारी तथा अन्य उद्यमहरुले पेश गरेका परियोजना प्रस्तावको आधारमा उत्कृष्ट परियोजनालाई अधिकतम प्रति परियोजना रु. ५,००,०००।- (पाँच लाख) सम्म सहयोग प्रदान गरिनेछ ।

**प्रस्तावित परियोजनाहरुको मूल्याङ्कन निम्न शर्त एवं मापदण्डहरु अनुसार गरिने छ :**

१) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई नेपालगञ्ज उप-हानगरपालिका क्षेत्र भित्र स्थापना र सञ्चालनमा रहेका सहकारीहरू वा उद्यमहरू ।

२) सहकारीहरूको हकमा, कुल प्रस्तावित परियोजनाको कम्तिमा २५% र अन्य उद्यमहरूका लागि कम्तिमा ५०% योगदान रहने गरि प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्ताव हेरी अनुदान सहयोग रकम अधिकतम रु. ५,००,०००।- (पाँच लाख) मा नबढने गरी प्रदान गरिनेछ ।

३) प्रत्येक सहकारी वा अन्य उद्यमले केवल एउटा प्रस्ताव पेश गर्न सक्नेछन । यद्यपि,संयुक्त प्रस्तावहरूलाई प्रोत्साहित गरिनेछ ।

४) उप-महानगरपालिकाका प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू संग मेल खाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

५) कोभिड-१९ ले निम्त्याएका चुनौतीलाई सामना गरि आर्थिक विकासका गतिविधिहरुलाई निरन्तरता दिनका लागि प्रस्तावित परियोजनाले विश्लेषण सहित आवश्यकताहरूको सम्बोधन गर्दै आर्थिक विकास/उद्यम विकासलाई सहयोग पुऱ्याउने उपायहरू निम्न बुंदाहरू संग सम्बद्ध गराई सान्दर्भिकता प्रमाणित गर्नुपर्नेछ :

**प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू**

- कृषित तर्फ : तरकारी, च्याउ, आँप, फूल खेती, गड्यौले मल, बेमौसमी तरकारी खेतीका लागि हरित तथा पोलि हाउस संचालन ।
- व्यापार तर्फ : तयारी पोशाक, जुत्ता चप्पल र सौन्दर्य सामाग्री ।
- खाद्य प्रशोधन तर्फ : डेरी, बेकरी, मिठाई ।
- पर्यटन तर्फ : मनोरञ्जनात्मक क्रियाकलाप र धार्मिक पर्यटन ।

- माथि उल्लेखित प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुको मूल्य श्रृंखला विकासका लागि उत्पादन तथा प्रक्रिया (Product and Process Innovation) का नयाँ अवधारणाहरूलाई प्राथमिकता दिइनेछ ।

- प्रस्तावित परियोजनाले सहकारी/अन्य उद्यमहरूको व्यावसायिक वृद्धिका लागी सहयोग पुऱ्याउने खालको हुनुपर्नेछ ।
- आर्थिक, वातावरणीय दिगोपना सुनिश्चित गर्ने खालका प्रस्ताव पेश भएको हुनुपर्नेछ ।
- उद्यमी महिला र स्वदेश फर्केका कामदारहरूसहित विपन्न समूहहरूका लागि आर्थिक र सामाजिक समावेशीकरणमा योगदान पुऱ्याउने प्रस्ताव पेश भएको हुनुपर्नेछ ।

६) प्रस्तावक सहकारीहरूमा कम्तिमा २५% सदस्यहरू पछि परेका समूदाय (Disadvantaged Groups) बाट हुनुपर्नेछ ।

७) महिला तथा पछि परेका विपन्न समूहबाट नेतृत्व गरिएका उद्यमहरूलाई प्राथमिकता दिइनेछ ।

उल्लेखित मापदण्ड भित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी/अन्य उद्यमहरुले यस कार्यक्रमका लागि अनुदान उपलब्ध गराउन उप-महानगरपालिकाद्धारा तोकिएको परियोजना प्रस्ताव फाराम भरी प्रस्तावका साथमा देहायका कागजातहरुको प्रतिलिपि संस्थाको आधिकारिक व्यक्तिबाट प्रमाणित गराई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् मितिः २०७७/०६/१३ गते (कार्यालय समय भित्र) पेश गरिसक्नुपर्ने छ :

- सहकारी / व्यवसाय दर्ता, नविकरण भएको प्रमाणपत्र,
- कर दर्ता (PAN/VAT) प्रमाणपत्र,
- कर छुट तथा आ.व.०७५।७६ को कर चुक्ता प्रमाणपत्र,
- आ.व.२०७५।०७६ को लेखा परिक्षण प्रतिवेदन,
- कारोवार क्षेत्र खुल्ने कागजातहरु (सहकारी तथा कम्पनिको हकमा विनियमको सम्बन्धित पेजको प्रतिलिपि),
- वडा कार्यालयको सिफासरिस पत्र,
- उप-महानगरपालिकामा दर्ता भएको व्यवसाय दर्ता प्रमाण पत्र ।

परियोजना प्रस्ताव फाराम यस नेपालगञ्ज उप-महानगरपालिकामा “साना परियोजना सहयोग कोष” कार्यक्रमका सम्पर्क व्यक्ति श्री कृष्ण प्रसाद जोशी मार्फत वा स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनाका स्थानीय प्रतिनिधि ईमेल ramchandra.lamichhane@giz.de मार्फत प्राप्त गर्न सकिनेछ ।

प्रस्ताव फाराम भरी प्रस्तावसंग आवश्यक कागजपत्रहरु संलग्न राखि देहायका ईमेलमा पेश गर्न सकिने छ । साथै परियोजना प्रस्तावको ढाँचा यसै साथ संलग्न छ ।

nepalgunjmun@gmail.com
ramchandra.lamichhane@giz.de
krpjoshi69@gmail.com

**थप जानकारीका लागि**
**नेपालगञ्ज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालयको**
**सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखामा सम्पर्क राख्नहुन**
**नेपालगञ्ज, बाँके ।**
**फोन नं. ०८१-५२५३२३**

## परिशिष्ट १- परियोजना प्रस्ताव ढाँचा

<table>
<tr><td colspan="2">प्रस्तावकको सामान्य जानकारी</td></tr>
<tr><td>सहकारी/उद्यमको नाम (यदि संयुक्त प्रस्ताव हो भने, नेतृत्व गर्ने को नाम उल्लेख गर्नुहोस्)</td><td></td></tr>
<tr><td>सम्पर्क व्यक्तिको नाम र सम्पर्क विवरण</td><td></td></tr>
<tr><td>ठेगाना</td><td></td></tr>
<tr><td>स्थापना मिति र दर्ता गरिएको नगरपालिका</td><td></td></tr>
<tr><td>सहकारी/उद्यमहरु संचालनमा रहेका नगरपालिका/कार्यक्षेत्रहरु</td><td></td></tr>
<tr><td>सहकारी/उद्यमको संक्षिप्त प्रोफाइल (५०० शब्दमा सिमित राख्नुहोस्) सहकारीको हकमा कृपया विपन्न समूहमा रहेका सदस्यहरूको प्रतिशत सहितको विवरण उल्लेख गर्नुहोस्।[1]</td><td></td></tr>
<tr><td colspan="2">प्रस्तावित परियोजनाको रूपरेखा :</td></tr>
<tr><td>मूल्य श्रृंखलाका क्षेत्र/उप क्षेत्र</td><td>तरकारी, च्याउ, आँप, फूल खेती, गड्यौले मल, बेमौसमी तरकारी खेतीका लागि हरित तथा पोलि हाउस सञ्चालन बाख्रा, कुखुरा, दुग्ध, डेरी, बेकरी, मिठाई, तयारी पोशाक, सौन्दय सामाग्री एवं पर्यटन मूल्य श्रृंखलामा आधारित अथवा अन्य (उल्लेख गर्नुहोस)</td></tr>
<tr><td>परियोजनाको उद्देश्य</td><td></td></tr>
<tr><td>प्रस्तावित परियोजनाको अवधारणा / रुपरेखा</td><td>मार्गदर्शक प्रश्नहरू<br>१. यस परियोजनाले समाधान गर्न खोजेको मूल्य श्रृंखलाको मूल समस्या के हो ? यदि चुनौतीहरू प्रत्यक्ष रूपमा कोभिड-१९ सँग जोडिएका छन् भने, कसरी जोडिएका छन् उल्लेख गर्नुहोस् ।<br><br>२. माथि उल्लेख गरिएका समस्याहरुको समाधानका लागि के कस्ता नविनतम उपायहरु (विशेष गरी प्रक्रिया सुधार/मूल्य अभिवृद्धि / आर्थिक राहत र प्रतिकार्य (Recovery) लागि) सोच्नुभएको छ व्याख्या गर्नुहोस् ।<br><br>३. प्रस्तावित परियोजनाले तपाइँको सहकारी/उद्यमको व्यावसायिक वृद्धि गर्न कसरी सहयोग गर्दछ?<br><br>४. प्रस्तावित परियोजनाले वातावरणीय दिगोपनालाई कसरी सहयोग गर्दछ व्याख्या गर्नुहोस् ।</td></tr>
<tr><td>प्रस्तावित परियोजना संचालन गरिने लक्षित स्थान र लाभग्राहीहरु</td><td></td></tr>
<tr><td>प्रस्तावित परियोजना को उद्देश्य हासिल गर्ने क्रियाकलापहरू परिभाषित गर्नुहोस्</td><td><table>
<tr><th>क्रियाकलाप (Activities)</th><th>कोसेढुंगा (Milestones)</th><th>समयरेखा (Timeline)</th><th>कैफियत (Remarks)</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>प्रस्तावित परियोजनाको दिगोपना</td><td>प्रस्तावित परियोजनाले अतिरिक्त राजस्व श्रृजना अथवा व्यापारको लागतमा कटौतीमा कसरी सहयोग गर्दछ ? आपूर्ति श्रृंखला/बजार सम्बन्ध कसरी सुनिश्चित हुन्छ ?</td></tr>
</table>

[1] विपन्न समूहले नेपाल सरकारद्वारा पहिचान गरिएका जात र जातीयताको कारणले पिछडिएका व्यक्तिहरू र गरीब मानिसहरूलाई जनाउँछ ।

<table>
<tr><td>संभावित जोखिम र न्यूनीकरणका उपायहरु</td><td>प्रस्तावित परियोजना कार्यान्वयनका लागि के कस्ता प्रकारका जोखिमहरु महसुस गर्नुभएको छ र सम्भावित निवारणका उपायहरू के हुनसक्छन् ?</td></tr>
<tr><td>अन्य कुनै निकाय तथा विकास साझेदारहरूबाट सहयोग प्राप्त कुनै परियोजनाहरु संचालित भएमा उल्लेख गर्नुहोस । (प्राप्त सहयोग रकमको जानकारी सहित)</td><td></td></tr>
<tr><td>प्रस्तावित परियोजनाको अनुमानित लागत र प्रस्तावक स्वयंको आर्थिक योगदानको स्पष्ट विवरण ।</td><td>प्रस्तावित परियोजना कार्यान्वयनका लागि आवश्यक एवं मान्य बजेट शीर्षक
<ul>
<li>स्रोत व्यक्ति : प्रशिक्षण तथा क्षमता विकासका उपायहरूको लागि</li>
<li>इनपुट सामग्रीहरु (Input Materials)</li>
<li>प्रस्तावित परियोजना कार्यान्वयनसँग सम्बन्धित साना उपकरणहरू</li>
<li>बजार प्रवर्द्धन का लागि आवश्यक लागत खर्चहरु</li>
<li>क्रियाकलापसँग सम्बन्धित आपूर्ति लागत खर्चहरु (Logistic Costs)</li>
<li>अन्य कुनै लागत खर्चहरु (शिर्षक उल्लेख गर्नुहोस्)</li>
</ul>
<table>
<tr><th>क्रियाकलाप</th><th>दर</th><th>परिमाण</th><th>कुल लागत</th><th>आफ्नो योगदान</th><th>अन्य सहयोग</th><th>जी आइ जेडको सहयोग</th></tr>
<tr><td>१ क्रियाकलाप</td><td></td><td>Xxx</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
कुल परियोजना लागत:<br>
आवेदकको योगदान:<br>
जीआइजेड/स्थानीय र प्रादेशिक आर्थिक विकास (एलपीइडी)बाट अपेक्षित सहयोग:<br>
विकास साझेदार/संस्थाबाट अन्य सहयोग, यदि कुनै छ भने :</td></tr>
<tr><td>संस्थागत सुशासनलाई कसरी प्रवर्द्दन गर्नुभएको छ ? (पारदर्शिता, सहभागीता, निर्णय प्रक्रिया, जवाफदेहिता)</td><td></td></tr>
</table>